२०८३ असोज

(सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको)

॥

२०८३ साल साउन, भाद्र र असोज महिनासम्ममा सम्पादित प्रमुख क्रियाकलापहरू

बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग, नेपाल

भद्रकाली प्लाजा, काठमाडौं

२०८३ साल साउन, भाद्र र असोज महिनासम्ममा सम्पादित प्रमुख क्रियाकलापहरू (स्वत: प्रकाशन)

प्रकाशक: बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग, नेपाल
भद्रकाली प्लाजा, काठमाडौं

फोन नं.: ०१-५९०३७९५

वेवसाइट: www.ciedp.gov.np

इमेल: ciedpnepal@gmail.com

बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग
नेपाल

१. पृष्ठभूमि

नेपालमा वि.स. २०५२।११।०१ गते देखि सशस्त्र द्वन्द्वको शुरुवात भई मिति २०६३।०८।०५ गते विस्तृत शान्ति सम्झौता भए पश्चात यसको अन्त्य भएको थियो। विस्तृत शान्ति सम्झौताको दफा ५.२.५ मा सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकार उल्लंघनका बारेमा छानविन गरी सत्य अन्वेषण, क्षतिपूर्ति सहितको न्याय, परिपूरण र द्वन्द्व पुनः नदोहोरिने प्रत्याभूति समेतका लागि आपसी सहमतिबाट उच्चस्तरीय छानविन आयोग गठन गरिने भनी उल्लेख भएको थियो। नेपालको अन्तरिम संविधानको धारा ३३ को खण्ड (त) (थ) र (द) मा सशस्त्र द्वन्द्वको क्रममा मारिएका परिवारलाई तथा घाइते र असक्त भएकालाई उचित राहत, सम्मान तथा पुनर्स्थापनाको व्यवस्था गर्न, सो क्रममा बेपत्ता पारिएका व्यक्तिको सम्बन्धमा गठित छानविन आयोगको प्रतिवेदनको आधारमा त्यस्ता व्यक्तिका पीडित परिवारलाई राहत उपलब्ध गराउन, सो क्रममा विस्थापितहरुको पुनर्स्थापना गर्न, नष्ट भएका निजी तथा सार्वजनिक सम्पतिको हकमा राहत प्रदान गर्न तथा ध्वस्त संरचनाहरुको पुनःनिर्माण गर्न नेपालको अन्तरिम संविधान, २०६३ को धारा १६६(३) र अनुसुची-४ मा व्यवस्था भएको थियो।

नेपालमा सशस्त्र द्वन्द्वको क्रममा भएका मानव अधिकारको उल्लघंनका घटनाहरुको छानविन गरी सत्य तथ्य सार्वजनिक गर्न एवम् पीडितलाई कानूनी उपचार प्रदान गर्न र पीडकलाई कानूनी कारबाहीको दायरामा ल्याउनका लागि नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ बमोजिम संघीय संसदको हैसियतमा संविधानसभाबाट मिति २०७१/०१/२८ मा बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्यनिरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ जारी भई मिति २०७१।१०।२७ मा बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग गठन भएको हो। यस आयोगमा पहिलो पटक नेपाल सरकारबाट नियुक्त भएका पदाधिकारी २०७५ चैत्र मसान्तसम्म वहाल रही तत् पश्चात मिति २०७६।१०।०५ सम्म आयोगमा पदाधिकारी विहिन अवस्थामा रहेको, दोस्रो पटक मिति २०७६।१०।०६ मा नियुक्त भएका यस आयोगका पदाधिकारी २०७९ असार मसान्तसम्म वहाल रही कार्य सम्पादन भएको थियो। मिति २०७९।०४।०१ देखि आयोग पुनः पदाधिकारी विहिन अवस्थामा रहेकोमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२/०१/३१ को निर्णय बमोजिम आयोगको पदाधिकारीहरू नियुक्ति भई मिति २०८२/०२/०५ गतेदेखि कार्यालयमा हाजिर भई कामकाज गर्दै आउनु भएकोमा सार्वजनिक पदाधिकारीको पदमुक्ति सम्बन्धी विशेष व्यवस्था अध्यादेश, २०८३ अनुसार मिति २०८३/०१/१९ गतेदेखि पदमुक्त भई हाल आयोग पदाधिकारी विहिन अवस्था रहेको छ।

२. आयोगको काम, कर्तव्य र अधिकार

बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को तेस्रो संशोधन अनुसार आयोगको काम कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छः

- मानव अधिकारको उल्लंघन तथा मानव अधिकारको गम्भीर उल्लंघन सम्बन्धी घटनाको छानबिन, सत्य अन्वेषण तथा अभिलेखन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउने,

- मानव अधिकारको उल्लंघन तथा मानव अधिकारको गम्भीर उल्लंघनको प्रवृत्ति, प्रकृति, गम्भीरता तथा सशस्त्र द्वन्द्वका क्रममा द्वन्द्वका पक्षहरूले गरेका कार्यको विश्लेषण गर्ने,
- मानव अधिकारको उल्लंघन तथा मानव अधिकारको गम्भीर उल्लंघनको बारेमा अन्वेषणको प्रकृया निर्धारण गरी सत्य अन्वेषण गर्ने,
- सशस्त्र द्वन्द्वका अन्तर्निहित कारणहरूको पहिचान गरी भविष्यमा मानव अधिकार उल्लंघन तथा मानव अधिकारको गम्भीर उल्लंघनका घटना हुन नदिने सुनिश्चितताको लागि गरिनु पर्ने नीतिगत, कानुनी तथा संस्थागत सुधारको सम्बन्धमा सिफारिस गर्ने,
- मानव अधिकारको गम्भीर उल्लंघनको घटनामा संलग्न व्यक्तिलाई परीक्षण (भेटिङ्) का लागि सिफारिस गर्ने,
  - पीडित तथा पीडकको यकिन गर्ने,
  - पीडक र पीडित बीच मेलमिलाप गराउन पहल गर्ने तथा मेलमिलाप गराउने,
  - पीडित वा निजको परिवारका सदस्यलाई उपलब्ध गराउनु पर्ने परिपूरणको सम्बन्धमा सिफारिस गर्ने,
  - मेलमिलाप नभएका तथा क्षमादानमा नपरेका पीडकलाई कारबाहीको लागि सिफारिस गर्ने,
  - पीडितलाई तोकिए बमोजिमको परिचयपत्र तथा छानबिन पछिको जानकारी उपलब्ध गराउने,
  - ऐनमा उल्लिखित अन्य काम गर्ने, गराउने ।

३. आयोगको संगठन संरचना तथा दरबन्दी विवरण

३.१. संगठन संचरना तथा दरबन्दी



- आयोगको पदाधिकारीहरू - अध्यक्ष १ र सदस्य ४ गरी ५ जना
- कर्मचारी
  - सचिव (रा.प. विशिष्ट श्रेणी) १
  - सहसचिव (रा.प. प्रथम श्रेणी) २
  - उपसचिव (रा.प. द्वितिय श्रेणी) ७
  - शाखा अधिकृत वा सो सरह (रा.प. तृतिय श्रेणी) १३
  - नायव सुब्बा वा सो सरह (रा.प. अनंकित प्रथम श्रेणी) १७
  - तामेलदार (रा.प. अनंकित द्वितिय श्रेणी) ५
  - हलुका सवारी चालक (श्रेणी विहिन) ११
  - कार्यालय सहयोगी/स्वीपर र माली समेत (श्रेणी विहिन) १४

  जम्मा ७०

३.२. दरबन्दी विवरण

क्र.सं.	पद नाम	श्रेणी	सेवा	समूह	स्वीकृत दरबन्दी	हाल कार्यरत कर्मचारी	रिक्त दरबन्दी
१	सचिव	रा.प.विशिष्ट	नेपाल न्याय		१	१	०
२	सहसचिव	रा.प.प्रथम	नेपाल प्रशासन		१	१	०
३	सहसचिव	रा.प.प्रथम	नेपाल न्याय	सरकारी वकील	१	०	१
४	उपसचिव	रा.प.द्वितीय	नेपाल प्रशासन	सामान्य प्रशासन	२	२	०
५	उपसचिव	रा.प.द्वितीय	नेपाल न्याय	कानुन	१	१	०
६	उपसचिव	रा.प.द्वितीय	नेपाल न्याय	सरकारी वकील	४	२	२
७	शाखा अधिकृत	रा.प. तृतीय	नेपाल प्रशासन	सामान्य प्रशासन	६	३	३
८	शाखा अधिकृत	रा.प. तृतीय	नेपाल न्याय	न्याय	१	०	१
९	शाखा अधिकृत	रा.प. तृतीय	नेपाल न्याय	कानुन	२	१	१
१०	शाखा अधिकृत	रा.प. तृतीय	नेपाल न्याय	सरकारी वकील	३	३	०
११	लेखा अधिकृत	रा.प. तृतीय	नेपाल प्रशासन	लेखा	१	१	०
१२	लेखापाल	रा.प.अनं.प्रथम	नेपाल प्रशासन	लेखा	२	२	०
१३	नायब सुब्बा	रा.प.अनं.प्रथम	नेपाल प्रशासन	सामान्य प्रशासन	४	४	०
१४	नायब सुब्बा	रा.प.अनं.प्रथम	नेपाल न्याय	सरकारी वकील	३	३	०
१५	नायब सुब्बा	रा.प.अनं.प्रथम	नेपाल न्याय	न्याय	२	२	०

क्र.सं.	पद नाम	श्रेणी	सेवा	समूह	स्वीकृत दरबन्दी	हाल कार्यरत कर्मचारी	रिक्त दरबन्दी
१६	नायब सुब्बा	रा.प.अनं.प्रथम	नेपाल न्याय	कानुन	१	०	१
१७	कम्प्युटर अपरेटर	रा.प.अनं.प्रथम	नेपाल विविध		५	५	०
१८	तामेलदार	रा.प.अनं.द्वितीय	नेपाल न्याय	न्याय	५	०	५
१९	हलुका सवारी चालक				११	९	०
२०	कार्यालय सहयोगी (स्वीपर र माली समेत)				१४	१३	०
				जम्मा	७०	५३	१७

३.३. महाशाखा/शाखा र तहाँबाट सम्पादन हुने कार्य

आयोगको स्वीकृत संगठन संरचना अनुसार देहाय बमोजिमका महाशाखा, शाखाहरू रहेका छन्

३.३.१. छानबिन महाशाखा

आयोगको संगठनात्मक संरचना बमोजिम नेपाल न्याय सेवा सरकारी वकिल समूहको रा.प. प्रथम श्रेणी (सह-सचिव) को नेतृत्वमा रहने छानबिन महाशाखाले सम्पादन गर्ने कार्यहरू देहाय बमोजिम रहेका छन्:

(क) व्यक्ति बेपत्ता पारिएको सम्बन्धी विषयको उजुरी तथा सूचनाहरू प्राप्त गर्ने,

(ख) प्राप्त उजुरीहरू आयोगसमक्ष पेश गर्ने,

(ग) आयोगको निर्णय अनुसार प्रारम्भिक र विस्तृत छानबिन गर्ने,

(घ) प्राप्त उजुरी द्वन्द्वकालका घटनासँग सम्बन्धित भए नभएको एकिन गर्ने,

(ङ) पीडित र पीडक एकिन गर्ने,

(च) उजुरी तामेलीमा राख्ने सम्बन्धी कार्य गर्ने,

(छ) आयोगलाई आवश्यक पर्ने कानुनी विषयमा आवश्यक कार्य गर्ने,

(ज) पीडितलाई प्रदान गर्ने राहत/परिपूरण तथा क्षतिपूर्तिको सिफारिस सम्बन्धी कार्य गर्ने,

(झ) विभागीय वा अन्य कारवाहीको सिफारिस सम्बन्धी कार्य गर्ने,

(ञ) मुद्दा चलाउनु पर्ने विषयमा मुद्दा चलाउन लेखी पठाउने,

(ट) मानव अधिकार सम्बन्धी नीतिगत विषय तथा अधिकारको उल्लंघन सम्बन्धी विषयमा राय परामर्श दिने,

(ठ) मानव अधिकारको हनन् भए नभएको सम्बन्धमा राय परामर्श सम्बन्धी कार्य गर्ने,

(ड) आफ्नो कार्यको प्रतिवेदन तयार गरी आयोगसमक्ष पेश गर्ने।

छानबिन महाशाखा अन्तर्गत तीन वटा शाखाहरू उजुरी छानबिन तथा तामेली शाखा, कानुन तथा मानव अधिकार शाखा र सिफारिस तथा परिपूरण शाखा रहेका छन् । उक्त शाखाबाट सम्पादन गरिने कार्यहरू देहाय बमोजिम रहेका छन् :-

३.३.१.१. उजुरी, छानबिन तथा तामेली शाखा

छानबिन महाशाखा अन्तर्गत रहने यस शाखाले महाशाखाको प्रत्यक्ष निर्देशनमा देहाय बमोजिमका कार्य सम्पादन गर्दछः

(क) बेपत्ता पारी मानव अधिकारको गम्भीर उल्लंघन सम्बन्धी घटनाका सम्बन्धमा पीडित वा निजका तर्फबाट उजुरी, निवेदन तथा गुनासाहरू प्राप्त गर्ने,

(ख) आयोगलाई प्राप्त भएको उजुरी तथा जानकारी सम्बन्धमा छानबिन गर्ने,

(ग) व्यक्ति बेपत्ता पारेको सम्बन्धमा आयोगलाई कुनै श्रोतबाट जानकारी प्राप्त भएमा वा आयोगले छानबिन गर्न उपयुक्त सम्झेका विषयहरूमा अनुसन्धान गर्ने,

(घ) कुनै व्यक्तिलाई आयोगसमक्ष उपस्थित गराई जानकारी लिने वा बयान गराउने, साक्षी बुझ्ने वा बकपत्र गराउने,

(ङ) अन्य आवश्यक देखिन आएका प्रमाण बुझ्ने,

(च) स्थलगत निरीक्षण गर्ने,

(छ) दशी प्रमाण संकलन गर्ने गराउने,

(ज) कुनै लिखत वा कागजात पेश गर्न लगाउने,

(झ) विभिन्न निकायहरूसँग आवश्यक कागजातहरू मगाउने,

(ञ) वास्तविक पीडित पहिचान गर्न आवश्यक अनुसन्धान गर्ने,

(ट) कुनै सरकारी वा सार्वजनिक कार्यालय वा सम्बन्धित अदालतको अनुमति लिई अदालतबाट कुनै लिखत वा त्यसको नक्कल झिकाउने,

(ठ) आयोगको निर्देशन बमोजिम विभिन्न निकायहरूसँग सम्बन्धित कागजातहरू मगाउने,

(ड) आयोगमा प्राप्त भएको उजुरी वा जानकारी सम्बन्धमा छानबिन गर्दा कारवाई चलाउन पर्याप्त आधार नभएमा कारण खुलाई त्यस्तो उजुरी तामेलीमा राख्ने,

(ढ) आवश्यकतानुसार कुनै व्यक्ति वा स्थानको तलासी लिने, फेला परेका वस्तु वा लिखत कब्जा गर्ने वा त्यस्तो लिखतको पूरै वा आंशिक नक्कल वा प्रतिलिपि लिने,

(ण) आयोग, सचिव तथा महाशाखा प्रमुखबाट भएका निर्देशन बमोजिमका अन्य कार्यहरू गर्ने ।

३.३.१.२. कानुन तथा मानव अधिकार शाखा

छानबिन महाशाखा अन्तर्गत रहने यस शाखाले महाशाखाको प्रत्यक्ष निर्देशन र नियन्त्रणमा रही देहाय बमोजिमको कार्य सम्पादन गर्दछः

(क) अन्तर्राष्ट्रिय मानव अधिकार र मानवीय कानुन सम्बन्धी विषयमा अध्ययन गर्ने,

(ख) आयोगसँग सम्बन्धित ऐन संशोधन गर्नुपरेमा संशोधनको मस्यौदा तर्जुमा गर्ने,

(ग) आयोगसँग सम्बन्धित नियम, कार्यविधि, निर्देशिका तर्जुमा गर्ने,

(घ) आयोगसँग सम्बन्धित विषयमा विभिन्न अदालतमा परेका उजुरीका सम्बन्धमा लिखित जवाफ तयार पार्ने,

(ङ) आयोगबाट माग भए बमोजिमका विषयमा कानुनी राय उपलब्ध गराउने,

(च) आयोगमा बयान वा बकपत्र गर्ने कुनै सूचना, जानकारी वा प्रमाण दिने व्यक्तिले आफ्नो नाम गोप्य राख्न चाहेमा त्यस्तो व्यक्तिको नाम गोप्य राख्न कारवाई गर्ने,

(छ) बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका तथा यौनजन्य हिंसामा परेका व्यक्तिलाई बयान वा बकपत्र दिने कार्यमा सहजता प्रदान गर्न छुट्टै व्यवस्था गर्ने,

(ज) सरकारी निकायमा कार्यरत कुनै कर्मचारी वा सुरक्षाकर्मीले आफू कार्यरत निकायमा रही आयोगमा बयान, बकपत्र वा जानकारी दिन सुरक्षाका कारण नसक्ने जनाएमा निजलाई सरूवा गर्न लेखी पठाउने सम्बन्धी कारवाही गर्ने,

(झ) साक्षी, पीडित तथा आयोगको काममा सहयोग गर्ने व्यक्तिको सुरक्षा, शारीरिक तथा मानसिक हित, गोपनियता र मर्यादाको संरक्षण सम्बन्धी व्यवस्था गर्ने,

(ञ) व्यक्ति बेपत्ता पार्ने कार्यको विषयमा सत्य तथ्य पत्ता लगाउन आवश्यक देखिएमा सार्वजनिक सुनुवाई गर्ने,

(ट) आयोग, सचिव तथा महाशाखाबाट भएका निर्णय तथा निर्देशनहरू कार्यान्वयन गर्ने।

३.३.१.३. सिफारिस तथा परिपूरण शाखा

छानबिन महाशाखा अन्तर्गत रहने यस शाखाले महाशाखाको प्रत्यक्ष निर्देशन र नियन्त्रणमा रही देहाय बमजिम कार्य सम्पादन गर्दछः

(क) सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकारका गम्भीर उल्लंघन सम्बन्धी घटना सम्बन्धमा हालसम्म नेपाल सरकारसमक्ष पेश गरेका प्रतिवेदनहरू अध्ययन गर्ने,

(ख) पीडितलाई पर्न गएको वास्तविक क्षतिको क्षतिपूर्ति दिनका लागि आवश्यक अध्ययन अनुसन्धान गर्ने,

(ग) पीडितलाई क्षतिपूर्ति प्रदान गर्न, पुनरूद्धार वा पुनर्स्थापना गर्न वा अन्य उपयुक्त व्यवस्था गर्न सिफारिस गर्ने सम्बन्धी कारवाई गर्ने,

(घ) प्राप्त प्रमाणहरूको आधारमा उपयुक्त परिपूरणको लागि आयोगसमक्ष आवश्यक सुझाव पेश गर्ने,

(ङ) पीडित वा अवस्था अनुसार निजको परिवारको कुनै सदस्यलाई देहायको सुविधा वा सहुलियत उपलब्ध गराउन सिफारिस गर्ने सम्बन्धी कारवाई गर्नेः-

(अ) निःशुल्क शिक्षा तथा स्वास्थ्योपचार,

(आ) सीपमूलक तालीम,

(इ) विना व्याज वा सहुलियतपूर्ण व्याजमा ऋण सुविधा,

(ई) बसोबासको व्यवस्था,

(उ) रोजगारको सुविधा,

(ऊ) अन्य सुविधा वा सहुलियत,

(च) पीडितलाई कुनै सुविधा वा सहुलियत प्रदान गर्न वा अन्य उपयुक्त व्यवस्था गर्ने सम्बन्धमा सिफारिस गर्नु अघि निजको इच्छा वा माग बुझी निजको प्राथमिकता अनुसार सुविधा सहुलियत तथा अन्य व्यवस्था सिफारिस गर्ने,

(छ) पीडितको मृत्यु भैसकेकोमा पीडितले पाउने क्षतिपूर्ति, सुविधा वा सहुलियत निजको परिवारको नजिकको सदस्यलाई उपलब्ध गराउने,

(ज) कसैले पीडितको कुनै सम्पत्ति कब्जा वा जफत गरेको देखिएमा त्यस्तो सम्पत्ति सम्बन्धित व्यक्तिबाट फिर्ता गर्न सिफारिस गर्ने कारवाई चलाउने,

(झ) आयोगको कार्यमा सहयोग पुऱ्याउने व्यक्तिलाई पुरस्कृत गर्ने सम्बन्धी कारवाही चलाउने,

(ञ) अनुसन्धानका आधारमा दोषि उपर कारबाहीको लागि सिफारिस गर्ने,

(ट) आयोगले पेश गर्ने प्रतिवेदन सम्बन्धी कार्य गर्ने।

३.३.२. प्रशासन महाशाखा

आयोगको संठनात्मक संरचना बमोजिम नेपाल प्रशासन सेवाको रा.प. प्रथम श्रेणी (सह-सचिव) को नेतृत्वमा रहने प्रशासन महाशाखाले सम्पादन गर्ने कार्यहरू देहाय बमोजिम रहेका छन् :-

(क) आयोगको प्रशासनिक तथा आर्थिक कार्यहरू गर्ने,

(ख) दैनिक कार्यालय सञ्चालन सम्बन्धी कार्य गर्ने,

(ग) आयोगको काम कर्तव्यबारे सार्वजनिक जानकारी गराउने,

(घ) पर्यवेक्षक, विज्ञ, विशेषज्ञ चयन गर्ने,

(ङ) कर्मचारीहरू माग गरी सम्बन्धित निकायमा लेखि पठाउने, दरबन्दी बमोजिम नभएमा करारमा भर्ना गर्ने,

(च) कार्य प्रकृति र योग्यता, अनुभवका आधारमा कामको जिम्मेवारी बाँडफाँट गर्ने,

(छ) कर्मचारीको कार्य विवरण तयार गर्ने र गर्नुपर्ने कार्यबारे जानकारी गराउने,

(ज) अधिकार प्रत्यायोजन गर्ने,

(झ) आयोगका गतिविधि तथा सूचनाहरूको संप्रेषण तथा प्रचार प्रसार सम्बन्धी कार्यहरू गर्ने,

(ञ) वार्षिक योजना तथा कार्यक्रम तर्जुमा गर्ने, बाँडफाँट गर्ने तथा निकासा र परिचालन गर्ने,

(ट) योजना तथा वजेट तर्जुमा गर्न सरोकारवाला निकायसंग समन्वय गर्ने,

(ठ) द्वन्द्व व्यवस्थापन, दीगो शान्ति तथा मानव अधिकार सम्बन्धी दक्ष जनशक्ति व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

(ड) अन्य निकायको सम्पर्क विन्दु र प्रवक्ताको रूपमा कार्य गर्ने तथा सूचना अधिकारी र प्रवक्ता चयन गर्ने,

(ढ) आयोगबाट सञ्चालन हुने कार्यक्रमहरूको नियमित समीक्षा तथा अनुगमन गर्ने,

(ण) कार्यक्रम संचालनमा श्रोत साधन तथा जनशक्तिको व्यवस्थापन गर्ने,

(त) द्विपक्षीय तथा बहुपक्षीय सहयोगको व्यवस्थापन तथा परिचालन गर्ने,

(थ) ऐन, नियमावली तथा कार्यक्रमको प्रचारात्मक कार्य गर्ने,

(द) उजुरी निवेदन आव्हान गर्ने, घटनाको जानकारी दिन दुबै पक्षलाई आव्हान र पत्राचार गर्ने। उजुरी र निवेदनका ढाचाँहरू सार्वजनिक गर्ने, उजुरी र निवेदन संकलन सम्बन्धी प्रशासनिक कार्य गर्ने,

(ध) अन्य महाशाखामा किटानी साथ तोकिएका बाहेकका कार्यको साथै अन्य महाशाखा अन्तर्गत नपर्ने विविध कार्यहरू गर्ने।

प्रशासन महाशाखा अन्तर्गत तीनवटा शाखाहरू प्रशासन तथा योजना शाखा, सञ्चार तथा अभिलेख व्यवस्थापन शाखा र आर्थिक प्रशासन शाखा रहेका छन्। उक्त शाखाबाट सम्पादन गरिने कार्यहरू देहाय बमोजिम रहेका छन् :-

३.३.२.१. प्रशासन तथा योजना शाखा

प्रशासन महाशाखा अन्तर्गत रहने यस शाखाले महाशाखाको प्रत्यक्ष निर्देशन र नियन्त्रणमा रही देहाय बमोजिमका कार्य सम्पादन गर्दछः

(क) आयोगको कर्मचारी प्रशासन सम्बन्धी सम्पूर्ण कार्य गर्ने,

(ख) आयोगको दरबन्दी तथा पदपूर्ति सम्बन्धी कार्य गर्ने,

(ग) आयोगको दैनिक प्रशासनिक कार्य गर्ने,

(घ) आयोगको लागि आवश्यक दक्ष जनशक्ति विकास गर्न स्वदेश तथा विदेशमा तालीम, पुनर्ताजगी तालीम, प्रशिक्षक प्रशिक्षण सम्बन्धी तालीमहरूको व्यवस्था गर्ने,

(ङ) आयोगको लागि जिन्सी सामानहरूको खरिद, सञ्चय तथा उपयोगको व्यवस्था गर्ने,

(च) आयोगको सम्पत्तिको लगत राख्ने, संरक्षण र मर्मत सम्भार गर्ने, गराउने,

(छ) आयोगको विभिन्न शाखाहरूबीच समन्वय सम्बन्धी कार्य गर्ने,

(ज) आयोगका लागि मानव संशाधन विकास योजना, कार्यक्रम तथा कार्ययोजनाको तर्जुमा तथा कार्यान्वयन गर्ने,

(झ) शाखागत कामको प्राथमिकीकरण गरी आवधिक कार्ययोजना बनाउने, कार्यान्वयन गर्ने, गराउने,

(ञ) आयोगको लागि वार्षिक योजना, बजेट र कार्यक्रम बनाउने,

(ट) नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रमका लागि आयोगको तर्फबाट पठाईने नीति तथा कार्यक्रमको तर्जुमा सम्बन्धी कार्य गर्ने,

(ठ) आयोगका विभिन्न कार्यक्रमहरूको विषयमा विभिन्न मन्त्रालयबीच समन्वय सम्बन्धी कार्य गर्ने,

(ड) शाखागत कार्यसम्पादनको प्रगति प्रतिवेदन तयार गर्ने,

(ढ) आयोगमा बयान, बकपत्र वा जानकारी दिन उपस्थित भएको व्यक्तिले आउँदा जाँदा र खान तथा बस्दा लाग्ने वास्तविक खर्च माग गरेमा मनासिब खर्च (नियमानुसार) उपलब्ध गराउने,

(ण) यस्तै किसिमको काम गर्ने प्रचलित कानुन बमोजिम स्थापित वा नेपाल सरकारबाट गठित आयोग वा निकायसँग समन्वय गर्ने,

(त) यस विषयसँग सम्बन्धित आयोग, सचिव तथा महाशाखा प्रमुखबाट भएका निर्देशन बमोजिमका अन्य काम गर्ने ।

३.३.२.२. सञ्चार तथा अभिलेख व्यवस्थापन शाखा

प्रशासन महाशाखा अन्तर्गत रहने यस शाखाले महाशाखाको प्रत्यक्ष निर्देशन र नियन्त्रणमा रही देहाय बमोजिमका कार्य सम्पादन गर्दछः

(क) आयोगको कार्यसंग सम्वन्धित विषयमा पर्चा, पम्प्लेट, पोष्टर, रेडियो, टेलिभिजन-संवाद, अडियो, भिडियो जस्ता सामग्रीहरूको उत्पादन तथा आम सञ्चार माध्यमद्वारा प्रचार-प्रसार गर्ने गराउने,

(ख) शान्ति प्रक्रियामा सहयोग पुग्ने विषयका सूचना व्यवस्थापन गर्ने,

(ग) शान्ति प्रवर्द्धन कार्यमा सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालन हुने शान्ति प्रवर्द्धन कार्यक्रमहरूमा समन्वय र एकरूपता कायम गर्न आवश्यक कार्य गर्ने गराउने,

(घ) शान्ति र द्वन्द्व व्यवस्थापनको क्षेत्रमा सूचना, अध्ययन सामग्री एवं राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा भएका पुस्तक, सर्वोच्च अदालतबाट भएको फैसला एवं आदेशहरू, जनरल तथा अध्ययन प्रतिवेदनहरूको संग्रह गर्ने, प्रविधिज्ञहरू सहितको श्रोत केन्द्र तथा पुस्तकालय व्यवस्थापन सम्बन्धी सम्पूर्ण कार्य गर्ने,

(ङ) द्वन्द तथा संक्रमणकालीन न्याय लगायत शान्ति प्रक्रियासँग सम्बन्धित विषयका विज्ञहरूको सूची (Roster) तयार गरी अद्यावधिक गरी राख्ने

(च) आयोगका प्रकाशनहरूको सम्पादन र व्यवस्थापन गर्ने,

(छ) आयोगको कार्य प्रगतिहरूको सम्बन्धमा जनतालाई सु-सूचित गराउने,

(ज) शान्ति प्रक्रियाको कार्यमा स्थानीय जनसहभागिता जुटाउने,

(झ) शान्ति प्रक्रिया र वार्ताका पक्षहरूमा सरकार, नागरिक समाज, आम सञ्चारकर्मी तथा सञ्चार माध्यमहरूबीच सूचना आदान-प्रदान गर्ने,

(ञ) आयोगको website अध्यावधिक गर्ने,

(ट) आयोगको सूचना प्रविधि व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

(ठ) पीडितको वर्गीकरण गर्न उपलब्ध प्रमाणको आधारमा आयोगलाई आवश्यक सुझाव दिने,

(ड) आयोगले गरेका निर्णय बमोजिम पीडितलाई परिचय पत्र दिने,

(ढ) आयोगमा प्राप्त निवेदनहरू, पीडितको वर्गीकरण, परिचयपत्र लगायतका कुराहरूको अभिलेख राख्ने,

(ण) यस विषयसँग सम्बन्धित आयोग, सचिव तथा महाशाखा प्रमुखबाट भएका निर्देशन बमोजिमका अन्य काम गर्ने ।

३.३.२.३. आर्थिक प्रशासन शाखा

प्रशासन महाशाखा अन्तर्गत रहने यस शाखाले महाशाखाको प्रत्यक्ष निर्देशन र नियन्त्रणमा रही देहाय बमोजिमका कार्य सम्पादन गर्दछः

(क) आयोगको आर्थिक प्रशासन सम्बन्धी सम्पूर्ण कार्य गर्ने,

(ख) आयोगको वार्षिक योजना तथा कार्यक्रम अनुरूप वार्षिक बजेट बनाउने र निकासा लिने,

(ग) निकासा र आम्दानी प्राप्त गर्ने तथा बजेट खर्च गर्ने व्यवस्था मिलाउने,

(घ) आयोग अन्तर्गत सञ्चालित विभिन्न आयोजनाहरूको लागि अख्तियारी तथा स्वीकृत रकम निकासा पठाउने,

(ङ) तोकिए बमोजिमको लेखा राख्ने र नियमित प्रतिवेदन गर्ने,

(च) आयोगको आर्थिक कारोवारको सम्बन्धमा राय परामर्श दिने,

(छ) आम्दानी तथा खर्चको आन्तरिक र अन्तिम लेखा परीक्षण गराउने,

(ज) बेरूजुको लगत राखी फर्छ्यौट गर्ने, गराउने तथा सम्परीक्षण गराउने,

(झ) स्वीकृत कार्यक्रमहरूको लागि तोकिएको बजेट कुनै शीर्षकमा नपुग भएमा बचत हुने शीर्षकबाट नियमानुसार रकमान्तर गर्न पेश गर्ने,

(ञ) वार्षिक आर्थिक विवरण तयार गर्ने,

(ट) आयोगमा प्राप्त हुने राजश्व वा सरकारी रकम बैंक दाखिला गर्ने, सोको लेखा राख्ने, फाँटवारी पेश गर्ने र लेखा परीक्षण गराउने,

(ठ) धरौटीको लेखा राख्ने,

(ड) कानुन बमोजिम असूल उपर गर्नुपर्ने सरकारी नगदी, जिन्सी असूल उपर सम्बन्धी कार्य गर्ने,

(ढ) स्वीकृत कार्यक्रमको लागि तोकिएको बजेट रकम कार्यान्वयन गर्ने निकायमा निकासा पठाउने,

(ण) यस विषयसँग सम्बन्धित आयोग, सचिव तथा महाशाखा प्रमुखबाट भएका निर्देशन बमोजिमका अन्य काम गर्ने ।

४. आयोगबाट प्रदान गरिने सेवा

- यस आयोगमा बेपत्ता पारिएका व्यक्तीहरुको सम्बन्धमा परेका उजुरीहरु उपर सत्य अन्वेषण, छानबिन तथा अनुसन्धान गरी वास्तविक तथ्य जनसमक्ष ल्याउने,
- बेपत्ता पारिएका ब्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ बमोजिम आयोगले गर्नुपर्ने काम कारवाहीका सम्बन्धमा सार्वजनिक सुनुवाई, पत्राचार एवं अनुगमन गर्ने,
- पीडित व्यक्तिलाई परिचयपत्र प्रदान गर्ने तथा परिपूरणको व्यबस्थाको लागि सिफारिस गर्ने,
- व्यक्ति बेपत्ता पार्ने कार्यमा संलग्न व्यक्तिलाई कानुनी कारवाहीको लागि र संस्थागत सुधारको लागि सिफारिस गर्ने,
- बेपत्ता पारिएका ब्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ बमोजिम आयोगले गर्नुपर्ने काम कारवाहीका सम्बन्धमा अन्तर्क्रिया गर्ने, छलफल/गोष्ठी सञ्चालन गर्ने ।

आयोगमा दर्ता भई विस्तृत छानबिनमा रहेका उजुरीको विवरण देहाय बमोजिम रहेको छः-

हालसम्म आयोगमा प्राप्त उजुरीको छानबिनको अवस्था:

सि.न.	विवरण	उजुरी संख्या	कैफियत
१	आयोगमा दर्ता भएका कुल उजुरी संख्या	३३५८ (८ थान तामेलीबाट जागिएको सहित ३३६६)	
२	**फर्छौट उजुरी संख्या**	७५६	
	ख. दोहोरो उजुरी परेको संख्या -१३९		
	ग. तामेलीमा राखिएको संख्या -३३७		
	घ. सत्य निरूपण आयोगमा पठाएको उजुरी संख्या -२८०		
३.	**बेपत्ता पारिएका भनी उजुरी परेका व्यक्तिको संख्या**	२६१७	
	विस्तृत छानबिनको लागि आयोगबाट निर्णय भएको उजुरी संख्या	२६०२	
४.	उजुरी परेका जिल्लाहरू (मनाङ्ग र मुस्ताङ्ग जिल्लामा उजुरी नपरेको)	७५	
६.	पीडित परिचयपत्र प्राप्त परिवार संख्या	१३४९	
७.	पीडित परिचयपत्र प्राप्त व्यक्तिको संख्या	३९९३	
८.	आयोगमा दर्ता भएका थप नयाँ उजुरी संख्या	७० (१०१ वटा नयाँ प्राप्त भएकोमा ३१ थान गाभिएको)	

- आयोगको छानबिनबाट प्राप्त अभिलेख अनुसार हालसम्म बेपत्ता पारिएका भनिएका ४८ जना व्यक्तिहरू परिवारको सम्पर्कमा आएका छन्।

राहतका लागि आयोगबाट गरिएका सिफारिसको विवरण

क्र.सं.	आयोगको निर्णय मिति	सिफारिस गरिएको संख्या	चरणहरू	कैफियत
१.	२०७८/०१/१७	९१ जना	पहिलो चरण	नेपाल सरकारबाट राहत प्रदान गर्ने निर्णय हुन बाँकी
२.	२०७८/०८/०६	९३ जना	दोश्रो चरण	नेपाल सरकारबाट मिति २०७८/०९/३० मा सिफारिस बमोजिम राहत प्राप्त गरेको।
३.	२०७८/१०/२५	१७७ जना	तेश्रो चरण	नेपाल सरकारबाट राहत प्रदान गर्ने निर्णय हुन बाँकी
४.	२०७९/०१/२५	१७५ जना	चौथो चरण	नेपाल सरकारबाट राहत प्रदान गर्ने निर्णय हुन बाँकी
५.	२०७९/०३/२२	१५ जना	पाँचौ चरण	नेपाल सरकारबाट निर्णय हुन बाँकी
	जम्मा	**५५१ जना**		

५. आयोगमा सेवा प्रदान गर्ने महाशाखा, शाखा र सम्बन्धित शाखा प्रमुख

क्र.स.	महाशाखा	शाखाहरू	शाखा प्रमुख
१	प्रशासन महाशाखा	प्रशासन तथा योजना शाखा	उपसचिव (प्रशासन)
		सञ्चार तथा अभिलेख व्यवस्थापन शाखा	उपसचिव (प्रशासन)
		आर्थिक प्रशासन शाखा	लेखा अधिकृत
२	छानबिन महाशाखा	उजुरी, छानबिन तथा तामेली शाखा	उपसचिव (सरकारी वकील)
		कानुन तथा मानव अधिकार शाखा	उपसचिव (कानुन)
		सिफारिस तथा परिपूरण शाखा	उपसचिव (सरकारी वकील)

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

- कुनै दस्तुर नलाग्ने र अवधि आयोगको कार्ययोजना अनुसार हुने।

७. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

- सूचनासँग सम्बन्धित विषयको प्रकृती अनुसार आयोग एवं आयोगका सचिव।

८. सूचना अधिकारीले उपलब्ध गराएको सूचना उपर उजुरी सुन्ने अधिकारी

- आयोगका सचिव।

यस अवधिमा आयोगबाट सम्पादन भएका कार्यहरूको विवरण

- आर्थिक वर्ष २०८२/०८३ को वार्षिक समिक्षा कार्यक्रम गरिएको।
- स्थानीय तहका जनप्रतिनिधिसँग आयोगको छानबिन कार्य तथा परिपूरण सम्बन्धी अन्तर्क्रिया कार्यक्रम अन्तर्गत मकवानपुर, र नुवाकोट जिल्लामा कार्यक्रम गरिएको।
- आयोगमा दर्ता भएका सबै उजुरीहरू सम्बन्धी मिसिल अध्ययन, प्रमाण संकलन गरी विवरण तयार गर्ने कार्य निरन्तर भैरहेको।

९. सूचना अधिकारी, प्रवक्ता र प्रमुखको नाम र पद

कार्यालय प्रमुख/सचिव	श्री अच्युतमणि नेउपाने
सूचना अधिकारी/उपसचिव	श्री गंगा भट्टराई सुवेदी

१०. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

- बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१
- बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग नियमावली, २०७२
- बेपत्ता पारिएका व्यक्तिको छानबिन निर्देशिका, २०७३
- पीडित परिचयपत्र उपलब्ध गराउने कार्यविधि, २०७७
- परिचयपत्र प्राप्त व्यक्तिलाई प्रदान गर्नुपर्ने सेवा, सुविधा, छुट तथा सहुलियत, २०७७

- शव उत्खनन् सम्बन्धी कार्यविधि, २०७८
- बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगका पदाधिकारीहरूको आचार संहिता, २०७८
- आयोगका कर्मचारीहरूको आचार संहिता, २०७८
- एण्टीमोर्टम तथ्यांक संकलन कार्यविधि, २०७८
- डी.एन.ए. नमूना संकलन र प्रोफाइलिङ्ग सम्बन्धी कार्यविधी, २०७८
- बयान सम्बन्धी कार्यविधि, २०७८
- Standard Operation and procedure for Forensic Anthropological Examination ,2021
- International Convention for the Protection of all persons from Enforced Disappearances 2006

११. आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

यस आयोगको आ.वं.२०८३/८४ को लागि स्वीकृत बजेट र असोज मसान्तसम्मको निकासा र खर्च निम्नानुसार रहेको छ।

क्र.सं.	विवरण	वार्षिक बजेट	असोज मसान्तसम्म भएको खर्च	प्रतिशत	बाँकी बजेट	प्रतिशत
१	चालु खर्च	१०६,६९३,७९८।००	१२,६८४,५९३।०१	११.८९%	९४,००९,२०४।९९	८९.११%
२	पुजीँगत खर्च	७४०,०००।००	-	-	७४०,०००।००	-

१२. आयोगको वेबसाइटको विवरण

www.ciedp.gov.np

१३. आयोगले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण

नभएको।

१४. आयोगले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समय अवधि

यस अवधिमा नभएको।

१५. आयोगमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय

यस अवधिमा नभएको।

१६. अन्यत्र प्रकाशन भएका आयोगका सूचनाको विवरण

यस अवधिमा नभएको।